# b]z sf]j tdfg cfly s l:ylt

(आर्थिक वर्ष २०६३/६४ को प्रथम त्रयमासिक तथ्याङ्कमा आधारित)

## मौद्रिक स्थिति

१. मौद्रिक योगाङ्कतर्फ आर्थिक वर्ष २०६३।६४ को प्रथम त्रयमासमा विस्तृत मुद्राप्रदाय अघिल्लो वर्षको सोही अवधिको २.८ प्रतिशत वृद्धिको तुलनामा ३.९ प्रतिशतले विस्तार भएको छ (तालिका १) । विस्तृत मुद्राप्रदायको उपयोगतर्फ आवधिक निक्षेपमा विस्तार आएको र स्रोततर्फ खुद आन्तरिक सम्पत्ति उल्लेख्य बढेको कारण विस्तृत मुद्राप्रदायको वृद्धि अघिल्लो वर्षको भन्दा उच्च रहेको हो ।

**तालिका १: मौद्रिक योगाङ्कको वृद्धिदर** (प्रतिशतमा)

| | आ.व.२०६२।६३ | आ.व.२०६३।६४ |
|---|---|---|
| **विस्तृत मुद्राप्रदाय** | **२.८** | **३.९** |
| संकुचित मुद्राप्रदाय | २.० | १.७ |
| आवधिक निक्षेप | ३.२ | ५.० |

२. संकुचित मुद्राप्रदाय अघिल्लो वर्ष २.० प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १.७ प्रतिशतले बढेको छ । विस्तृत मुद्राप्रदायको अर्को अंश आवधिक निक्षेप भने अघिल्लो वर्ष ३.२ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ५.० प्रतिशतले बढेको छ । निजी क्षेत्रको विप्रेषण आप्रवाहको बढ्ने क्रम निरन्तर रहेको र सर्वसाधारणको बैंकिङ्ग आदतमा समेत सुधार आएकोले अघिल्लो वर्षको तुलनामा आवधिक निक्षेप उच्च दरले बढेको हो ।

३. मौद्रिक विस्तारको प्रमुख स्रोतको रूपमा रहेको खुद वैदेशिक सम्पत्ति (विनिमय मूल्याङ्कन समायोजित) गत वर्ष ३.३ प्रतिशत (रू ३ अर्ब ५७ करोड) ले बढेकोमा समीक्षा अवधिमा न्यून अर्थात् ०.७ प्रतिशत (रू १ अर्ब ३ करोड ) ले बढेको छ । निर्यातको वृद्धिदर ऋणात्मक रहेको र नेपाल आयल निगमले भारतीय आयल निगमलाई गर्ने भुक्तानीमा केही वृद्धि भएकोले खुद वैदेशिक सम्पत्ति कम दरले बढेको हो । साथै, नोट निष्कासनको सुरक्षणबापत रहेको रू ४१ करोडको (पुनरमूल्यांकित) मौद्रिक सुन सो प्रयोजनका लागि नराखी[1] अन्य सम्पत्तिको रूपमा वर्गीकरण गरिएकोले पनि वैदेशिक सम्पत्तिको वृद्धि अघिल्लो वर्षको भन्दा न्यून रहेको हो ।

४. कर्जा योगाङ्कतर्फ आन्तरिक कर्जा अघिल्लो वर्ष २.३ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा २.४ प्रतिशतले विस्तार भएको छ । वित्तीय र गैरवित्तीय संस्थाहरूमा प्रवाह हुने वाणिज्य बैंकहरूको कर्जामा विस्तार आए तापनि बैंकिङ्ग क्षेत्रको निजी क्षेत्रमाथिको दावी गत वर्ष

---

[1] नोट निष्कासन गर्दा सुरक्षणको रूपमा कायम गरी विदेशमा लगानीमा राखेको सुनलाई बैंकको आर्थिक वर्ष २०६०।६१ को लेखापरीक्षण प्रतिवेदनसमेतको अन्तर्राष्ट्रिय बजार मूल्यमा पुनरमूल्याङ्कन गर्नुपर्ने धारणा तथा सो सम्बन्धमा नेपाल सरकारबाट स्वीकृति प्राप्त भई नआएको र उक्त विषयमा यथाशिघ्र निर्णय गर्नुपर्ने भएकोले सुनलाई सुरक्षणबाट हटाई सोको सट्टामा विदेशी मुद्रालाई सुरक्षण कायम गर्ने निर्णय भएको ।

४.२ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा न्यून अर्थात् २.७ प्रतिशतले मात्र बढेकोले कुल आन्तरिक कर्जाको वृद्धि दर अघिल्लो वर्षकै हारहारी रहेको हो । समीक्षा अवधि (२०६३ साउनदेखि २०६३ असोज मसान्तसम्म) मा नेपाल बैक लिमिटेडले निजी क्षेत्रबाट उठन बाँकी साँवा रू. ८२ करोड र व्याज रू. २ अर्ब गरी रू २ अर्ब ८२ करोड कर्जा अपलेखन गरेको कारणले गर्दा उक्त कर्जाको वृद्धिदर न्यून रहेको हो ।

५. समीक्षा अवधिमा नेपाल खाद्य संस्थान, जनकपुर चुरोट कारखाना लिमिटेड, नेशनल ट्रेडिङ्ग लिमिटेड र नेपाल टेलिकमले वाणिज्य बैंकहरूबाट थप कर्जा उपयोग गरेका छन् । त्यस्तै, वाणिज्य बैंकहरूले विकास बैंकहरू र वित्त कम्पनीहरूलाई अल्पकालीन कर्जा प्रवाह गरेकोले साना ऋणीहरूमा कर्जा विस्तार हुन पुगेको छ ।

६. खुद गैरमौद्रिक दायित्व अघिल्लो वर्ष १.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४.१ प्रतिशतले घटेको छ । नेपाल बैक लिमिटेडले खराब कर्जा र व्याजको केही अंश अपलेखन गरेकोले कर्जा नोक्सानी व्यवस्था र व्याज मुल्तबी हिसाब घट्न गएको र मौद्रिक सुन मौज्दातलाई अन्य सम्पत्तिमा वर्गीकरण गरिएकोले समेत गैरमौद्रिक दायित्व घटेको हो ।

मौद्रिक तरलता

७. अर्थतन्त्रको मौद्रिक तरलता मापन गर्ने हाल उपलब्ध विस्तृत मुद्राप्रदायको वृद्धिदर अघिल्लो वर्षको भन्दा अधिक रहेको माथि उल्लेख भइसकेको छ । २०६२ असोज मसान्तमा विस्तृत मुद्राप्रदायको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ५७.९ प्रतिशत रहेकोमा २०६३ असोज मसान्तमा ६१.७ प्रतिशत पुगेकोले अर्थतन्त्रमा मौद्रिक तरलता बढेको सङ्केत गर्दछ ।

८. त्यस्तै वाणिज्य बैंकहरूसँग २०६२ असोज मसान्तमा नगद कोष रू ४९ अर्ब रहेकोमा २०६३ असोज मसान्तमा रू ६५ अर्ब ३५ करोड पुगेको छ । फलस्वरूप वाणिज्य बैंकहरूको नगद कोष - कुल निक्षेप अनुपात २०६२ असोज मसान्तको १९.३ प्रतिशतबाट २०६३ असोज मसान्तमा २१.६ प्रतिशतमा वृद्धि भएको छ । २०६३ असोज मसान्तमा वाणिज्य बैंकहरूसँग रहेको कुल तरल कोषमध्ये विदेशी मुद्रामा ४९.३ प्रतिशत (रू ३२.२५ अर्ब) रहेको छ भने बाँकी स्वदेशी मुद्रामा रहेको छ ।

९. तरलताको स्रोततर्फ विदेशी विनिमय हस्तक्षेपमार्फत अघिल्लो वर्ष रू ७ अर्ब २० करोड बराबरको खुद तरलता प्रवाह भएकोमा समीक्षा अवधिमा कुल रू १६ अर्ब ८० करोड बराबरको तरलता प्रवाह भएको छ (तालिका २) । निजी क्षेत्रको विप्रेषण आप्रवाह वृद्धि भएको र नेपाली रूपैयाँ अमेरिकी डलरसँग २०६३ साउनदेखि क्रमशः अधिमूल्यित हुँदै गएकोले वाणिज्य बैंकहरूले अल्पकालीन वाह्य बैंक लगानी वृद्धि नगरी हस्तक्षेपको लागि माग गरेका र नेपाली रूपैयाँ अमेरिकी डलरसँग थप अधिमूल्यित नहोस् भनेर यस बैंकले वाणिज्य बैंकहरूबाट विदेशी मुद्रा खरिद गरी तरलता प्रवाह गरेको हो ।

### तालिका २ : विदेशी मुद्रा बजार हस्तक्षेपमार्फत खुद तरलता प्रवाह

रू. अर्बमा

| | आ.व.२०६२।६३ | आ.व.२०६३।६४ |
|---|---|---|
| साउन | १.२ | ६.५ |
| भदौ | २.२ | ४.७ |
| असोज | ३.८ | ५.६ |
| कुल | ७.२ | १६.८ |

१०. विदेशी म्रुदा बजार हस्तक्षेपमार्फत प्रवाह गरिएको तरलता केही मात्रामा खुला बजार कारोबारमार्फत व्यवस्थापन गरियो । आर्थिक वर्ष २०६३।६४ को प्रथम त्रयमासमा बिक्री बोलकबोल र रिभर्स रिपो बोलकबोलमार्फत कुल रू ८ अर्व ९० करोड तरलता प्रशोचन भयो । अघिल्लो वर्षको यसै अवधिमा खुला बजारमार्फत रू ३ अर्ब ४० करोड तरलता प्रशोचन गरिएको थियो (तालिका ३) ।

### तालिका ३ : खुला बजार कारोबारमार्फत तरलता प्रशोचन

रू. अर्बमा

| | आ.व.२०६२।६३ | | | आ.व.२०६३।६४ | | |
|---|---|---|---|---|---|---|
| | बिक्री बोलकबोल | रिभस रिपो बोलकबोल | कुल | बिक्री बोलकबोल | रिभर्स रिपो बोलकबोल | कुल |
| साउन | १.४ | - | १.४ | १.० | २.६ | ३.६ |
| भदौ | - | - | - | १.३ | १.५ | २.८ |
| असोज | २.० | - | २.० | १.० | १.५ | २.५ |
| कुल | ३.४ | - | ३.४ | ३.३ | ५.६ | ८.९ |

११. समीक्षा अवधिमा वाणिज्य बैकहरूले कुल रू १ अर्ब ९५ करोड बराबरको स्थायी तरलता सुविधा उपयोग गरे । अघिल्लो वर्ष यस सुविधाअन्तर्गत वाणिज्य बैकहरूले कुल रू १ अर्ब १७ करोड बराबरको तरलता उपयोग गरेका थिए ।

१२. आवश्यकता पर्दा बैंक तथा वित्तीय संस्थाहरूले एक अर्काबाट तरलताको उपयोग गरून् भन्ने उद्देश्यले आह्वान मुद्रा बजार (Call money market) को व्यवस्था विद्यमान छ । यस व्यवस्थाअन्तर्गत आर्थिक वर्ष २०६३।६४ को प्रथम त्रयमासमा वाणिज्य बैंकहरूको कुल अन्तरबैंक कारोबार रु ४८ अर्व १० करोड रह्यो (तालिका ४) । अघिल्लो वर्षको यसै अवधिमा यस्तो कुल कारोबार रू ५७ अर्ब ३० करोड रहेको थियो । अर्थतन्त्रमा अधिक तरलताको स्थिति हुँदाहुँदै वाणिज्य बैंकहरूले स्थायी तरलता सुविधा उपयोग गर्नु र

अन्तरबैंक कारोबारमा कमी आउनुलाई कदापि राम्रो मान्न सकिन्न । वाणिज्य बैंकहरूको यस्तो प्रवृत्तिले तरलता व्यवस्थापन कार्य चुनौतीपूर्ण बनाउँछ ।

**तालिका ४ : अन्तरबैंक कारोबार**

रु अर्बमा

| | आ.व. २०६२।६३ | आ.व. २०६३।६४ |
|---|---|---|
| साउन | २०.६ | १३.४ |
| भदौ | २४.७ | १८.८ |
| असोज | १२.० | १५.९ |
| कुल | ५७.३ | ४८.१ |

१३. वाणिज्य बैंकहरूसँग अधिक तरलता रहेकोले अल्पकालीन व्याजदर समीक्षा अवधिमा अघिल्लो वर्षभन्दा कम रह्यो । ९१-दिने ट्रेजरी बिल्सको भारित औसत व्याजदर अघिल्लो वर्ष ३.१० प्रतिशत रहेकोमा समीक्षा अवधिमा २.५४ प्रतिशत रह्यो । त्यस्तै, भारित औसत अन्तरबैंक कारोबारदर पनि अघिल्लो वर्षको असोज महिनामा ३.१७ प्रतिशत रहेकोमा २०६३ असोज महिनामा २.११ प्रतिशत रह्यो (तालिका ५) ।

**तालिका ५: अल्पकालीन ब्याजदर**

प्रतिशतमा


| | आ.व. २०६२।६३ | | आ.व. २०६३।६४ | |
|---|---|---|---|---|
| | ९१ दिने ट्रेजरी बिल्सदर | अन्तरबैंक कारोबारदर | ९१ दिने ट्रेजरी बिल्सदर | अन्तरबैंक कारोबारदर |
| साउन | २.२५९ | २.४६८ | २.९८९ | २.०७४ |
| भदौ | ३.३८५ | ३.८६८ | २.७८३ | १.८३२ |
| असोज | ३.१०२ | ३.१७७ | २.५३७ | २.१११ |

## धितोपत्र बजार स्थिति

१४. प्राथमिक निष्काशनतर्फ, आर्थिक वर्ष २०६३।६४ को प्रथम त्रयमासमा नेपाल धितोपत्र बोर्डले दुईवटा वित्तीय संस्थालाई रू. १ करोड ५० लाखको साधारण शेयर र तीनवटा वित्तीय संस्थालाई रू ८ करोडको अग्राधिकार शेयर गरी कुल रू ९ करोड ५० लाखको शेयर निष्काशनको लागि स्वीकृति प्रदान गरेको छ ।

१५. दोस्रो बजारतर्फ, वार्षिक बिन्दुगत आधारमा नेप्से सूचकाङ्क ३४ प्रतिशतले बढेर २०६३ असोज मसान्तमा ३९८.४४ बिन्दुमा पुगेको छ । शान्ति सुरक्षामा आएको क्रमिक सुधार सँगसँगै शेयर लगानीकर्ताहरूको मनोबलमा भएको वृद्धि, विप्रेषण आप्रवाहका कारण

वैकल्पिक लगानीका अभावमा अधिक तरल विद्यमान रही न्यून ब्याजदरको स्थिति र वाणिज्य बैंकहरूको शेयर धितो लिई मार्जिन कर्जा प्रवाह गर्ने प्रवृत्ति बढेको कारण समेत नेप्से सूचकाङ्कमा उल्लेख्य वृद्धि भएको हो ।




१६. २०६३ असोज मसान्तको समूहगत नेप्से सूचकाङ्कहरूमध्ये वाणिज्य बैंक समूहको सबैभन्दा उच्च अर्थात् ४४८.१ रहेको छ भने व्यापारिक समूहको सबैभन्दा कम अर्थात् १४९.७ रहेको छ (तालिका ६) ।


### तालिका ६: समूहगत नेप्से सूचकाङ्क

| | २०६३ असोज मसान्त |
|---|---|
| **समग्र (नेप्से) सूचकाङ्क** | **३९८.४** |
| वाणिज्य बैंक समूह | ४४८.१ |
| बीमा समूह | ३९४.६ |
| विकास बैंक समूह | ३२१.५ |
| उत्पादन तथा प्रशोधन समूह | ३१९.८ |
| वित्त कम्पनी समूह | २७४.३ |
| होटल समूह | १७९० |
| व्यापारिक समूह | १४९.७ |
| अन्य समूह | ४२९.३ |

१७. २०६३ असोज मसान्तमा बजार पूँजीकरण वार्षिक बिन्दुगत आधारमा ४७.९ प्रतिशतले वृद्धि भई रू १ खर्ब ५७ करोड पुगेको छ । २०६३ असोज मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १७.३ प्रतिशत रहेको छ । २०६२ असोज मसान्तमा यस्तो अनुपात ११.७ प्रतिशत रहेको थियो । बजार पूँजीकरणको कुल ग्रार्हस्थ उत्पादनसँगको अनुपातमा आएको वृद्धिले शेयर बजारको आकार (size) मा आएको विस्तारलाई सङ्केत

गरेको छ । सूचीकृत कम्पनीहरूको बजार पूँजीकरणमा वित्तीय संस्थाहरूको ८२.८ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको ५.६ प्रतिशत, होटलहरूको २.३ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.८ प्रतिशत र अन्यको ८.३ प्रतिशत अंश रहेको छ ।

**ग्राफ २ : २०६३ असोजको समूहगत बजार पूंजीकरण**




१८. नेपाल धितोपत्र विनिमय केन्द्रमा सूचीकृत कम्पनीहरूको संख्या २०६२ असोज मसान्तमा १२५ रहेकोमा २०६३ असोज मसान्तमा १३९ पुगेको छ । सूचीकृत कम्पनीहरूमध्ये ९२ वटा वित्तीय संस्था, २९ वटा उत्पादन र प्रशोधन गर्ने उद्योगहरू, ४ वटा होटल, ८ वटा व्यापारिक संस्थाहरू र ६ वटा  अन्य समूहका छन् ।

१९. सूचीकृत कम्पनीहरूको चुक्ता पूँजीको वार्षिक वृद्धि १६.७ प्रतिशत रही २०६३ असोज मसान्तमा रू २० अर्ब ३८ करोड पुगेको छ । केही नयाँ संस्थाहरू नेपाल धितोपत्र विनिमय केन्द्रमा सूचीकृत हुनुका साथै वित्तीय संस्थाहरूले साधारण शेयर तथा हकप्रद शेयर थप निष्कासन गरेकोले चुक्ता पूँजीमा वृद्धि भएको हो ।

२०. २०६३ असोज मसान्तमा मासिक कारोवारको बजार पूँजीकरणसंगको अनुपात (Turnover ratio) ०.२४ पुगेको छ । यस्तो अनुपात २०६२ असोज मसान्तमा ०.१६ रहेको थियो । शेयर बजारको तरलता मापकका रूपमा लिइने कारोवार अनुपातको वृद्धिले शेयरबजारको सक्रियता र यसप्रति लगानीकर्ताहरूको आकर्षणलाई पुष्टि गरेको छ ।

२१. शेयरबजारको उतारचढाव (Volatility) मापन गर्नका लागि प्रयोग गरिने बाह्र महिनाको rolling standard deviation २०६२ असोज मसान्तमा २४.७ रहेकोमा २०६३ असोज मसान्तमा ३८.० पुगेको छ । Rolling standard deviation मा आएको यो वृद्धिले शेयर बजारमा उतार चढाव बढेको संकेत गरेको छ ।

### तालिका ७ : शेयरबजार सम्बन्धी केही परिसूचकहरू

(रू.करोडमा/अंश प्रतिशतमा)

| समूह | संख्या | चुक्ता पूँजी | अंश | पूँजीकरण | अंश | कारोवार | अंश |
|---|---|---|---|---|---|---|---|
| वाणिज्य बैंक | १५ | ८६८.७७ | ४२.६४ | ७०९९.८१ | ७०.६० | १९.३६ | ७८.७४ |
| विकास बैंक | १० | ८४.६९ | ४.१६ | १७७.५५ | १.७७ | ०.७९ | ३.२५ |
| वित्त कम्पनी | ५२ | २७३.८१ | १३.४४ | ५३७.६८ | ५.३५ | ०.८२ | ३.३५ |
| बीमा कम्पनी | १५ | १२५.६७ | ६.१७ | ५१२.५३ | ५.१० | ०.६५ | २.६६ |
| उत्पादन/प्रशोधन | २९ | २७५.७० | १३.५३ | ५८१.०९ | ५.७८ | ०.०२ | ०.०७ |
| होटल | ४ | १५५.२९ | ७.६२ | २३२.१७ | २.३१ | ०.०१ | ०.०४ |
| व्यापारिक संस्था | ८ | ७.६६ | ०.३८ | ७७.२४ | ०.७७ | ०.०२ | ०.०८ |
| अन्य | ६ | २४६.०९ | १२.०८ | ८३८.५३ | ८.३४ | २.९१ | ११.८२ |
| **कूल** | **१३९** | **२०३७.६८** | **१००.००** | **१००५६.६** | **१००.००** | **२४.५८** | **१००** |

## मुद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

२२. आर्थिक वर्ष २०६३।६४ को प्रथम त्रयमासमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.५ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा उक्त मुद्रास्फीति ७.८ प्रतिशत रहेको थियो । अन्न तथा अन्नजन्य वस्तुहरूको मूल्य वृद्धि तुलनात्मक रूपले न्यून रहे तापनि दलहन, तरकारी तथा फलफूलको मूल्य वृद्धि उच्च रहेकोले मुद्रास्फीतिमा चापको स्थिति कायम रहेको छ (तालिका ८) ।

### तालिका ८ः दुई अङ्कभन्दा माथि मूल्य वृद्धि भएका केही समूहगत वस्तुहरू

वार्षिक विन्दुगत परिवर्तन, प्रतिशतमा

| | भार (प्रतिशतमा) | आ.व. २०६२।६३ | आ.व. २०६३।६४ |
|---|---|---|---|
| गहुँ र पीठो | १.७९ | ७.८ | २६.६ |
| दलहन | २.७३ | ६.० | २४.२ |
| तरकारी र फलफूल | ७.८९ | ०.९ | १६.३ |
| मरमसला | १.८५ | -१.४ | २२.४ |
| घरायसी सामान र सेवा | १४.८७ | १३.७ | १०.२ |
| यातायात र सञ्चार | ४.०३ | १६.५ | १७.४ |

२३. २०६२ भाद्रमा भएको पेट्रोलियम पदार्थको मूल्य वृद्धिको आधार प्रभाव (base effect) हटे पनि २०६२ फागुनमा भएको मूल्य वृद्धिको असर चालू आर्थिक वर्षमा समेत विद्यमान रहेको तथा खाद्यान्न समूहमध्ये दाल (२४.२ प्रतिशत), फलफूल तथा तरकारी (१६.३ प्रतिशत) र

मरमसला (२२.४ प्रतिशत) को मूल्यमा उल्लेख्य वृद्धि भएकोले आर्थिक वर्ष २०६३।६४ को प्रथम त्रयमासमा उपभोक्ता मुद्रास्फीति ७.५ प्रतिशतको उच्च दरले वृद्धि भएको हो ।

२४. समीक्षा अवधिमा भौगोलिक आधारमा विश्लेषण गर्दा पहाड र तराई प्रत्येक क्षेत्रमा ७.८ प्रतिशत तथा काठमाडौं उपत्यकामा ६.७ प्रतिशतका दरले वार्षिक विन्दुगत मूल्य वृद्धि भएको छ (तालिका ९) । अघिल्लो वर्षको यसै अवधिमा पहाड, तराई र काठमाडौं उपत्यकामा क्रमशः ८.५ प्रतिशत, ८.६ प्रतिशत र ६.४ प्रतिशतले मूल्य वृद्धि भएको थियो ।

**तालिका ९: काठमाडौं उपत्यका, तराई र पहाडमा तुलनात्मक मूल्य वृद्धि**

वार्षिक बिन्दुगत परिवर्तन, प्रतिशतमा

| | आ.व.२०६२।६३ | आ.व.२०६३।६४ |
|---|---|---|
| **समग्र उपभोक्ता मुद्रास्फीति** | **७.८** | **७.५** |
| काठमाडौं उपत्यका | ६.४ | ६.७ |
| तराई | ८.६ | ७.८ |
| पहाड | ८.५ | ७.८ |

२५. २०६३ असोजमा अन्तर्निहित (Core) मुद्रास्फीति ६.२ प्रतिशत रहेको छ । २०६२ असोजमा त्यस्तो मुद्रास्फीति ४.४ प्रतिशत रहेको थियो । अघिल्लो वर्ष तेलको मूल्य वृद्धि उच्च रहेकोले मुद्रास्फीतिकारी अपेक्षा बढ्न गई अन्तर्निहित मुद्रास्फीति अघिल्लो वर्षभन्दा उच्च रहेको हो ।

**थोक मुद्रास्फीति**

२६. २०६३ असोजमा वार्षिक विन्दुगत आधारमा थोक मुद्रास्फीति १०.४ प्रतिशतको उच्च दरले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा थोक मुद्रास्फीति दर ९.४ प्रतिशत रहेको थियो । २०६२ फागुनमा पेट्रोलियम पदार्थको मूल्य वृद्धि हुनुका साथै खाद्यान्न, नगदेवाली, दलहन, मरमसला तथा निर्माण सामाग्रीहरूको मूल्यमा भएको उच्च वृद्धिले गर्दा थोक मुद्रास्फीति १०.४ प्रतिशत रहेको हो । समूहगतरूपमा विश्लेषण गर्दा २०६३ असोजमा कृषिजन्य वस्तुहरूको मूल्य सवैभन्दा बढी १४.६ प्रतिशत र आयातीत वस्तुहरूको मूल्य सवभन्दा कम ६.१ प्रतिशतले वृद्धि भएको छ भने स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्कमा ६.७ प्रतिशतले वृद्धि भएको छ ।

**राष्ट्रिय तलब तथा ज्यालादर**

२७. २०६३ असोजमा वार्षिक बिन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क (२०६१।६२=१००) ८.० प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क २.२ प्रतिशतले वृद्धि भएको थियो (तालिका १०) । मजदूरहरूको ज्यालादरमा वृद्धि र सरकारी सेवामा १० प्रतिशतले भत्ता थप गरिएबाट सूचकाङ्कमा विस्तार आएको हो । समीक्षा अवधिमा ज्यालादर सूचकाङ्क र तलव सूचकाङ्कमा क्रमशः ८.४ प्रतिशत र ६.६ प्रतिशतले वृद्धि भएको छ ।

तालिका १० : राष्ट्रिय तलब र ज्यालादर सूचकाङ्क

वार्षिक बिन्दुगत परिवर्तन, प्रतिशतमा

| | भार (प्रतिशतमा) | आ.व. २०६२।६३ | आ.व. २०६३।६४ |
|---|---|---|---|
| समग्र सूचकाङ्क | १०० | २.२ | ८.० |
| तलब सूचकाङ्क | २७ | ०.० | ६.६ |
| ज्यालादर सूचकाङ्क | ७३ | ३.० | ८.४ |

## सरकारी वित्त स्थिति

### सरकारी खर्च

२८. सरकारी वित्ततर्फ, नेपाल सरकारको नगद प्रवाहमा आधारित कुल सरकारी खर्च आर्थिक वर्ष २०६३/६४ को प्रथम त्रयमासमा १७.७ प्रतिशतले वृद्धि भई २०६३ असोज मसान्तसम्ममा रू १९ अर्ब ५४ करोड पुगेको छ। आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा कुल सरकारी खर्च १२.४ प्रतिशतले बढेको थियो । सरकारी सेवामा कार्यरत कर्मचारीको भत्ता १० प्रतिशतले बढेको र अन्य प्रशासनिक खर्च वृद्धि भएकोले चालू खर्चमा चाप परी समीक्षा अवधिमा कुल सरकारी खर्चमा वृद्धि भएको हो । पूँजीगत खर्चले भने गति लिन सकेको छैन ।

### सरकारी राजस्व

२९. आर्थिक वर्ष २०६३/६४ को प्रथम त्रयमाससम्ममा नेपाल सरकारको कुल राजस्व २६.७ प्रतिशतले वृद्धि भई २०६३ असोज मसान्तसम्ममा रू १६ अर्ब २१ करोड पुगेको छ । अघिल्लो वर्ष सरकारी राजस्व ०.६ प्रतिशतले मात्र बढेको थियो । निजी क्षेत्रको विप्रेषण आप्रवाहमा लगातार वृद्धिको कारण उपभोक्ता खर्चमा विस्तार आई मूल्य अभिवृद्धि कर राजस्व तथा भंसार दरमा गरिएको समायोजनले भंसार राजस्वमा भएको वृद्धि र आयकर राजस्वमा समेत वृद्धि भएकोले समीक्षा अवधिमा समग्र राजस्व विस्तार उल्लेख्य रहेको हो ( तालिका ११) ।

## तालिका ११ : सरकारी राजश्व
प्रथम त्रयमास

| | रू करोडमा | | | प्रतिशत परिवर्तन | | |
|---|---|---|---|---|---|---|
| | २०६१।६२ | २०६२।६३ | २०६३।६४ | २०६१।६२ | २०६२।६३ | २०६३।६४ |
| **कर राजस्व** | **११००.८** | **११३८.०** | **१४०३.१** | **२२.७** | **३.४** | **२३.३** |
| *अप्रत्यक्ष कर* | *८४९.७* | *९३३.३* | *११४६.७* | *१९.८* | *९.८* | *२२.९* |
| भन्सार | ३४७.८ | ३३०.६ | ३८७.० | १३.६ | -४.९ | १७.१ |
| मूल्य अभिवृद्धि कर | ३६०.८ | ४७०.८ | ५८६.२ | ३२.३ | ३०.५ | २४.५ |
| अन्तःशुल्क | १४१.१ | १३१.९ | १७३.६ | ८.५ | -६.५ | ३१.६ |
| *प्रत्यक्ष कर* | *२५१.१* | *२०४.७* | *२५६.४* | *३३.३* | *-१८.५* | *२५.२* |
| आयकर | १८६.८ | १३५.४ | १८२.८ | ३८.९ | -२७.५ | ३५.० |
| रजिष्ट्रेशन कर | ३२.९ | ३५.० | ५४.३ | २६.० | ६.६ | ५५.१ |
| सवारी कर | ३१.४ | ३४.३ | १९.२ | १३.१ | ९.० | -४३.८ |
| **गैरकर राजश्व** | **१७०.६** | **१४१.५** | **२१७.९** | **-१२.०** | **-१७.१** | **५४.०** |
| **कुल राजस्व** | **१२७१.४** | **१२७९.५** | **१६२१.०** | **१६.५** | **०.६** | **२६.७** |

३०. आर्थिक वर्ष २०६३/६४ को प्रथम त्रयमाससम्ममा नेपाल सरकारको कुल वैदेशिक अनुदान अघिल्लो वर्ष ८.५ प्रतिशत घटेको विपरीत ५२.५ प्रतिशतले बढेको छ । वैदेशिक ऋण भने अघिल्लो आर्थिक वर्षको ४०.७ प्रतिशत वृद्धिको विपरीत समीक्षा अवधिमा ४२.५ प्रतिशतले घटेको छ ।

**बजेटघाटा/ बचत**

३१. राजस्व परिचालन एवं वैदेशिक अनुदानमा भएको वृद्धिको फलस्वरूप नेपाल सरकारको बजेट अघिल्लो वर्ष रू १ अर्व ९९ करोडले घाटामा रहेको विपरीत समीक्षा अवधिमा रू १३ करोड ३७ लाखले बचतमा रहेको छ ।

## वैदेशिक व्यापार

३२. बाह्य क्षेत्रतर्फ अघिल्लो वर्षको प्रथम त्रयमासमा १५.१ प्रतिशतले बढेको कुल निर्यात आर्थिक वर्ष २०६३/६४ को सोही अवधिमा १.९ प्रतिशतले घटेको छ । भारततर्फको निर्यात अघिल्लो वर्ष ३२.२ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४.९ प्रतिशतले घटेकोले अन्य मुलुकतर्फको निर्यात केही बढे तापनि कुल निर्यात घटेको हो । भारतद्वारा नेपालको निर्यातमा लगाइएको ४ प्रतिशत अतिरिक्त भन्सार कर केही वस्तुहरूमा अझै यथावत रहनु त्यसतर्फको निर्यातमा कमी आउनुको एक प्रमुख कारण हो । अन्य मुलुकतर्फको निर्यात भने अघिल्लो वर्ष ९.१ प्रतिशतले ह्रास भएकोमा यस वर्ष ४.५ प्रतिशतले वृद्धि भएको छ ।

३३. भारततर्फ मुख्यतया पोलिस्टर धागो, प्लाष्टिकका भाँडाकुँडा, जी.आई. पाइप, जुटका सामान, गाइवस्तुका दाना र जस्ता पाताको निर्यातमा उल्लेख्य कमी आएको कारण त्यसतर्फको निर्यात घटेको हो (तालिका १२) भने विशेषगरी दाल, नेपाली कागज तथा कागजका

सामान, छाला, ऊनी गलैंचा र चियाको निर्यातमा वृद्धि आएको कारण अन्य मुलुकतर्फको निर्यात बढेको हो ।

**तालिका १२ : भारततर्फको निर्यातमा ह्रास आएका केही वस्तुहरू**
प्रथम त्रयमास

(रू करोडमा)

| | आ.व.२०६२।६३ | आ.व.२०६३।६४ | ह्रास |
|---|---|---|---|
| पोलिष्टर धागो | ८२.८ | ३८.४ | -४४.४ |
| प्लाष्टिकका भाँडाकुँडा | ३७.७ | ७.५ | -३०.२ |
| जी.आई.पाइप | २०.० | ०.३ | -१९.७ |
| जुटका सामान | ७२.४ | ५७.६ | -१४.८ |
| गाइवस्तुका दाना | १४.२ | ०.२ | -१४.० |
| जस्तापाता | ६०.२ | ४८.० | -१२.२ |
| तार | ५०.१ | ३९.८ | -१०.३ |
| रसायन | ३४.५ | २४.५ | -९.९ |
| तामाको तार तथा डण्डी | १०.९ | १.३ | -९.६ |
| पस्मिना | १०.५ | १.२ | -९.२ |
| तयारी पोशाक | २९.१ | २०.६ | -८.५ |
| चाउचाउ | १२.३ | ५.० | -७.३ |
| **जम्मा** | **४३४.६** | **२४४.५** | **-१९०.१** |

३४. आर्थिक वर्ष २०६३/६४ को प्रथम त्रयमासमा कुल आयात ९.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल आयात १९.३ प्रतिशतले वृद्धि भएको थियो । कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्ष ३०.८ प्रतिशतले बढेकोमा यस वर्ष १०.९ प्रतिशतले वृद्धि भएको छ भने अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्ष ४.३ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ६.९ प्रतिशतले वृद्धि भएको छ ।

३५. आर्थिक वर्ष २०६३/६४ को प्रथम त्रयमासमा भारतबाट मुख्यतया पेट्रोलियम पदार्थ, सवारी साधन तथा पाटपुर्जा, औषधि, अन्य मेसिनरी तथा पूर्जा, हट रोल्ड शीट इन्क्वाइल र सिमेन्ट एवं अन्य मुलुकबाट विशेषगरी कच्चा पाम तेल, औषधि, कपडा, तामाको तार र डण्डी, कम्प्यूटर पार्टस् र हवाइजहाजका पाटपूर्जाको आयातमा वृद्धि भएको छ ।

## शोधनान्तर

३६. आर्थिक वर्ष २०६३/६४ को प्रथम त्रयमासमा रू. १ अर्ब ३ करोड शोधनान्तर बचत भएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा रू. ३ अर्ब ५७ करोड शोधनान्तर बचत भएको थियो । निजी क्षेत्रको विप्रेषण आप्रवाहमा वृद्धि भए तापनि वस्तु निर्यात, खुद सेवा आप्रवाह तथा खुद बाह्य आय घटेको, मौद्रिक सुन अन्य सम्पत्तिमा वर्गीकरण गरिएको र नेपाल

आयल निगमको भुक्तानीमा केही वृद्धि भएकोले शोधनान्तर बचत अघिल्लो वर्षको भन्दा कम रहेको हो ।

३७. आर्थिक वर्ष २०६३/६४ को प्रथम त्रयमासमा चालू खाताअन्तर्गत पर्यटन आय २३.७ प्रतिशतले बढी रू. २ अर्ब १ करोड पुगेको छ भने निजी क्षेत्रको विप्रेषण आप्रवाह २८.५ प्रतिशतले वृद्धि भई रू. २३ अर्ब ७६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा पर्यटन आय ३७.३ प्रतिशतले ह्रास भएको थियो भने निजी क्षेत्रको विप्रेषण आप्रवाह १७.९ प्रतिशतले वृद्धि भएको थियो ।

### तालिका १३: नेपाली श्रमबाट प्राप्त विदेशी आप्रवाह

(रू करोडमा)

| | वार्षिक | प्रथम त्रयमास | |
|---|---|---|---|
| | आ.व. २०६२।६३ | आ.व. २०६२।६३ | आ.व. २०६३।६४ |
| १. आय प्राप्ति (compensation of employees मात्र) | ६४६.८ | १४२.३ | ८८.३ |
| २. विप्रेषण आप्रवाह | ९७५३.६ | १८४८.९ | २३७६.२ |
| ३. पेन्सन | १२००.७ | २३३.२ | २६६.३ |
| भारतबाट | ६२९.३ | १००.७ | १०४.६ |
| अन्य मुलुकबाट | ५७१.४ | १३२.५ | १६१.७ |
| ४. कुल | ११६०१.१ | २२२४.४ | २७३०.८ |

३८. वित्तीय खाता अन्तर्गत, समीक्षा अवधिमा रू. १ अर्ब २४ करोड बराबर सरकारी ऋण आप्रवाह भएको छ भने रू १ अर्ब १४ करोड साँवा भुक्तानी भएको छ ।

३९. नेपालको अन्य मुलुकसँग शोधनान्तर बचत रहे तापनि भारतसँग भने शोधनान्तर घाटामा रहेको छ । चालू खाता उल्लेख्य मात्रामा घाटामा रहेकोले भारतसँगको शोधनान्तर घाटामा रहेको हो । भारतसँगको शोधनान्तर घाटा व्यवस्थापन गर्ने क्रममा भारतबाट अमेरिकी डलर भुक्तानीमा आयात गरिने वस्तुहरूको संख्या क्रमशः बढाउँदै ९१ पुऱ्याइएको छ । यस क्रममा आर्थिक वर्ष २०६३।६४ को प्रथम त्रयमासमा भारतबाट रू ३ अर्ब ३ करोड बराबरको आयात अमेरिकी डलर भुक्तानी गरेर भएको छ, जुन भारतबाटको कुल आयातमा १०.५ प्रतिशत हुन आउँछ (तालिका १४) ।

**तालिका १४ : भारतबाट अमेरिकी डलरमा भएको आयात**
प्रथम त्रयमास

(रू करोडमा)

| | आ.व.२०६२।६३ | आ.व.२०६३।६४ |
|---|---|---|
| भारतबाटको कुल आयात | २,६०६.७ | २,८८९.७ |
| अमेरिकी डलरमा भएको आयात | २८६.६ | ३०३.१ |
| अमेरिकी डलरमा भएको आयातको अंश (प्रतिशतमा) | ११.० | १०.५ |

४०.उपरोक्त उपायबाट पनि भारतसँगको व्यापार घाटा पूर्ति गर्न भा.रू. सञ्चिति पर्याप्त नभएकोले आर्थिक वर्ष २०६३।६४ को प्रथम त्रयमासमा अमेरिकी डलर १८ करोड बिक्री गरी भा.रू. ८ अर्ब ३३ करोड समेत खरिद गरिएको छ (तालिका १५) । अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर १६ करोड बिक्री गरी भा.रू. ७ अर्ब ४६ करोड खरिद गरिएको थियो ।

**तालिका १५ : अमेरिकी डलर बिक्री गरेर भा.रु. खरिद**

**प्रथम त्रयमास**

(करोडमा)

| | आ.व.२०६२।६३ | | अ.व.२०६३।६४ | |
|---|---|---|---|---|
| | अमेरिकी डलर बिक्री | भा.रु. खरिद | अमेरिकी डलर बिक्री | भा.रु. खरिद |
| साउन | ६.० | २६१.१ | ५.० | २३३.५ |
| भदौ | ५.० | २१९.२ | ६.० | २७८.६ |
| असोज | ५.० | २६५.२ | ७.० | ३२०.५ |
| कुल | १६.० | ७४५.५ | १८.० | ८३२.६ |

## विदेशी विनिमय संचिति

४१. २०६३ असारदेखि २०६३ असोज मसान्तसम्ममा कुल विदेशी विनिमय संचिति ०.२ प्रतिशतले ह्रास भई रू. १ खर्ब ६४ अर्ब ७८ करोडमा झरेको छ । आर्थिक वर्ष २०६२/६३ को सोही अवधिमा यस्तो संचिति ३.३ प्रतिशतले वृद्धि भएको थियो । नेपाली रूपैयाँ अमेरिकी डलरसँग २०६३ असारको तुलनामा २०६३ असोजमा अधिमूल्यन (appreciation) भएकोले कुल विदेशी विनिमय संचिति नेपाली रुपैयाँमा घटेको हो । कुल विदेशी विनिमय सञ्चिति अमेरिकी डलरमा २०६३ असारदेखि २०६३ असोज मसान्तसम्ममा १.९ प्रतिशतले वृद्धि भई अमेरिकी डलर २ अर्ब २३ करोडबाट अमेरिकी डलर २ अर्ब २७ करोड पुगेको छ । कुल संचितिमा परिवर्त्य संचितिको अंश २०६२ असोज मसान्तमा ९४.४ प्रतिशत रहेकोमा २०६३ असोज

मसान्तमा ९४.१ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०६३/६४ को प्रथम त्रयमासको आयातलाई आधार मान्दा विदेशी विनिमय संचितिको विद्यमान स्तरले १०.८ महिनाको वस्तु आयात र ८.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेकोले संचितिको स्तर सुविधाजनक रहेको छ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

४२. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६२ असोज मसान्तमा प्रति व्यारल अमेरिकी डलर ५८.२४ रहेकोमा २०६३ असोज मसान्तमा ०.४ प्रतिशतले बढी प्रति व्यारल अमेरिकी डलर ५८.५० रहेको छ। सुनको मूल्य भने २०६२ असोज मसान्तको तुलनामा २०६३ असोज मसान्तमा २७.७ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर ४६६.०० बाट अमेरिकी डलर ५९५.१० पुगेको छ।

४३. २०६३ असार मसान्तको तुलनामा २०६३ असोज मसान्तमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग २.०८ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रूपैयाँ अमेरिकी डलरसँग १.८१ प्रतिशतले अवमूल्यन भएको थियो । २०६२ असोज मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रू. ७१.६५ रहेको थियो भने २०६३ असोज मसान्तमा उक्त विनिमय दर रू. ७२.५९ पुगेको छ।